# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

सचिवालय

(.................................... शाखा)

पत्र संख्या :- ०७५/०७६

चलानी नं. :- सचिवालय/६३

रामशाहपथ, काठमाडौं

मिति :- २०७५।०८।२१

**विषयः साक्षी उपस्थित गराउने सम्बन्धमा ।**

श्री जिल्ला सरकारी वकील कार्यालय,
सबै, ।

उपर्युक्त विषयमा काठमाडौं जिल्ला अदालतले मिति २०७५।०८।१८ च.नं. १००४२(मुद्दा नं. ०७५-CR- ०००४) को पत्रसाथ प्रेषित आदेशका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा वादी नेपाल सरकार भई दायर भएका मुद्दाहरुमा अदालतमा बकपत्रका लागि साक्षी उपस्थित गराउने दायित्व सम्बन्धित सरकारी वकील कार्यालय र प्रहरी कार्यालयको भएको कुरामा विवाद छैन । अदालतबाट साक्षी उपस्थित गराउन पटक-पटक आदेश हुँदा समेत साक्षी उपस्थित नगराउने वा निश्क्रिय रहने परिपाटीलाई कदापी राम्रो मान्न सकिने हुँदैन । अतः अदालतबाट आदेश भई तोकिएको मितिमा अनिवार्य रुपले साक्षी उपस्थित गराउनु हुन अनुरोध छ ।

**बोधार्थ**

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंः- मातहतका निकायहरुलाई अदालतबाट साक्षी उपस्थित गराउन आदेश भएका मुद्दामा अनिवार्य रुपले साक्षी उपस्थित गराउनु भनी निर्देशन दिनु हुन ।

श्री उच्च सरकारी वकील कार्यालय, सबैः- जानकारीको लागि ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौंः- जानकारीको लागि ।

श्री काठमाडौं जिल्ला अदालत- उल्लिखित पत्रको सम्बन्धमा ।

(गीताप्रसाद तिम्सिना)
सहन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np